# प्रदेश श्रम सल्लाहकार परिषद् गठनसम्बन्धी कार्यविधि, २०७६

प्रदेश सरकार

प्रदेश नं ५, बुटवल, नेपाल।

# प्रदेश श्रम सल्लाहकार परिषद् गठनसम्बन्धी कार्यविधि, २०७६

स्वीकृत मितिः-२०७६/०३/१३

**प्रस्तावनाः**

प्रदेशभित्र श्रम ऐन, २०७४ लाई सहज रूपमा कार्यान्वयन गरी श्रमिकका हक अधिकारको सुनिश्चितता गर्न तथा श्रमिक, रोजगारदाता र प्रदेश सरकारबीचको सम्बन्धलाई प्रभावकारी बनाई श्रम क्षेत्रको सुधारलाई व्यवस्थित गर्दै श्रमसम्बन्धी नीति निर्माणका लागि प्रदेश सरकारलाई सहयोग गर्न प्रदेश श्रम सल्लाहकार परिषद् गठन गर्नुपर्ने भएकाले प्रदेश सरकार, प्रदेश नं. ५ ले श्रम ऐन, २०७४ को दफा १०५ क. बमोजिम देहायको कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम प्रदेश श्रम सल्लाहकार परिषद् गठन सम्बन्धी कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले श्रम ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. ५ सम्झनुपर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ५ को मन्त्रिपरिषद् सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

(ङ) "परिषद्" भन्नाले दफा ५ बमोजिमको परिषद्लाई सम्झनुपर्छ।

(च) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्षलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## उद्देश्य

**३. परिषद् गठनको उद्देश्यः** परिषद् गठनको उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

(क) प्रदेशभित्र ऐनको सहज रूपमा कार्यान्वयन गर्नु,

(ख) श्रमिक, रोजगारदाता र प्रदेश सरकारबीचको सम्बन्धलाई सुमधुर बनाउनु,

(ग) प्रदेशभित्र श्रमसम्बन्धी नीति निर्माणका लागि प्रदेश सरकारलाई सिफारिस गर्नु,

(घ) श्रमसम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्नु।

## परिच्छेद - ३

## परिषद्सम्बन्धी व्यवस्था

**४. परिषद्को गठनः** (१) प्रदेशभित्र श्रमसम्बन्धी कामलाई व्यवस्थित गर्नका लागि एक प्रदेश श्रम सल्लाहकार परिषद्को गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन्-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालय - सदस्य

(च) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(छ) सचिव, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ज) सदस्य, प्रदेश योजना आयोग (श्रम हेर्ने) - सदस्य

(झ) प्रदेशका रोजगारदाताहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा दुईजना महिला सहित चार जना - सदस्य

(ञ) प्रदेश ट्रेड युनियन संघहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा दुई जना महिला सहित पाँच जना - सदस्य

(ट) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (झ) र (ञ) बमोजिमका सदस्यहरूको पदावधि दुई बर्षको हुनेछ र निजहरूलाई पुनः मनोनयन गर्न सकिनेछ।

(४) उपदफा (२) को खण्ड (झ) र (ञ) बमोजिमका सदस्यहरूको मनोनयन गर्दा रोजगारदाताहरूको हकमा रोजगारदाताहरूको प्रदेशस्तरीय संगठन र ट्रेड युनियन संघहरूको हकमा प्रदेशस्तरीय संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको सिफारिसमा मन्त्रालयले मनोनयन गर्नेछ।

**५. परिषद्को काम, कर्तव्य र अधिकारः** (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशमा दीर्घकालीन श्रम नीति तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) प्रदेश श्रम नीति सम्बन्धमा प्रदेश सरकारलाई राय सुझाव दिने,

(ग) प्रदेश श्रमसम्बन्धी कानूनलाई समसामयिक रूपमा सुधार गर्न प्रदेश सरकारलाई आवश्यक राय सुझाव दिने,

(घ) प्रदेशमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड तयार गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ङ) प्रदेशमा उचित श्रम अभ्याससम्बन्धी संहिता तयार गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(च) व्यावसायिक तालिम तथा शिल्प प्रशिक्षण तालिमसम्बन्धी नीति निर्धारण गर्न प्रदेश सरकारलाई राय सल्लाह प्रदान गर्ने,

(छ) औद्योगिक शान्ति तथा असल औद्योगिक सम्बन्ध कायम गर्न र श्रम विवाद न्यूनीकरण गर्न प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने,

(ज) रोजगारी तथा उत्पादकत्व वृद्धि गर्न प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने,

(झ) आवश्यकता अनुसार प्रदेशमा सामूहिक सौदावाजीसम्बन्धी कार्यविधि मन्त्रालयलई उपलब्ध गराउने,

(ञ) प्रदेशभित्र विषयगत मन्त्रालयअन्तर्गतका आयोजनामा खटिएका श्रमिकको अवस्थाबारे जानकारी लिने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ ।

६. **कार्यदल गठन गर्न सक्नेः** (१) कुनै खास विषयको अध्ययन, घटना वा कामका लागि परिषद्का सदस्यहरू र विज्ञमध्येबाट कार्यदल गठन गर्न सकिनेछ।

(२) कार्यदलले आफूले गरेको कामको प्रतिवेदन परिषदमा पेश गर्नुपर्नेछ र प्रतिवेदन पेश गरेपछि सो कार्यदल स्वतः विघटन हुनेछ।

७. **परिषद्को सदस्यको पद रिक्त हुनेः** (१) दफा ५ को उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिमका सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले अध्यक्षमार्फत मन्त्रालय समक्ष लिखित रूपमा राजिनामा दिएमा,

(ख) निज बिना सूचना लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा।

(ग) निजको कार्यकाल समाप्त भएमा,

(घ) दफा ४ को उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिमका मनोनित सदस्यहरूले आफ्नो पदीय जिम्मेवारी पूरा नगरी मन्त्रालयले त्यस्ता सदस्यलाई समितिबाट हटाएमा,

(ङ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिम परिषद्को सदस्यलाई पदमुक्त गर्नुअघि निजलाई सफाइको मौका दिनुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिम परिषद्को कुनै सदस्यको पद रिक्त भएमा त्यस्तो पदमा अर्को व्यक्तिलाई सदस्य मनोनयन गर्दा जुन क्षेत्र र प्रक्रियाबाट त्यस्तो सदस्य मनोनयन गरिएको हो सोही क्षेत्र र प्रक्रिया अपनाई बाँकी कार्यकालका लागि मनोनयन गर्नुपर्नेछ।

८. **परिषद्को बैठकसम्बन्धी व्यवस्थाः** (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

तर, दुईवटा बैठक बीचको फरक तीन महिनाभन्दा बढी हुनेछैन ।

(२) परिषद्का कूल सदस्य संख्याको एक चौथाई सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले पन्ध्र दिनभित्र परिषद्को बैठक बोलाउनुपर्नेछ ।

(३) परिषद्को बैठक बस्ने कम्तीमा चौबिस घण्टा अघि नै परिषद्को सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना परिषद्का सबै सदस्यलाई दिनुपर्नेछ ।

(४) प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनको प्रतिनिधित्व हुनेगरी परिषद्का कूल सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा श्रमसम्बन्धी विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) परिषद्को निर्णय सर्वसम्मतिको आधारमा गरिनेछ।

(७) उपदफा (७) बमोजिम सर्वसम्मति कायम हुन नसकेमा प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनका प्रतिनिधि सहितको परिषद्का सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ।

(८) परिषद्को बैठकको निर्णय परिषद्को अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ।

(९) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद - ४

## विविध

९. **बैठक भत्ताः** परिषद्का सदस्यहरूले बैठकमा भाग लिए बापत प्रचलित कानून बमोजिमको बैठक भत्ता पाउने छन्।

१०. **वार्षिक प्रतिवेदन पेश गर्नेः** परिषद्ले वर्षभरिमा आफूले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले एक महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

११. **अधिकार प्रत्यायोजनः** परिषद्ले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा प्रदेश सरकारका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१२. **निर्देशन दिनेः** प्रदेश सरकारले परिषद्को काम कारवाहीका सम्बन्धमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

१३. **प्रदेश सरकारसँग सम्पर्कः** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क गर्दा मन्त्रालयमार्फत् गर्नुपर्नेछ।

१४. **कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषय यसैबमोजिम र अन्य विषय प्रचलित कानूनबमोजिम हुनेछ।

१५. **संशोधन गर्नसक्नेः** प्रदेश सरकारले आवश्यकतानुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।